विधेयक संख्याः

# मिडिया काउन्सिल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक


संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार

## उद्देश्य र कारण

पत्रकारिता क्षेत्रमा पेशागत तथा व्यावसायिक आचरण कायम राख्न तथा स्वनियमनलाई प्रवर्द्धन गरी स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायको रुपमा मिडिया काउन्सिलको स्थापना र सञ्चालन सम्बन्धमा नयाँ कानूनको मस्यौदा आवश्यक रहेको छ । राष्ट्रिय आमसञ्चार नीति, २०७३ लागु भई प्रेस काउन्सिललाई पत्रकारिता क्षेत्रको आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी सुनुवाई गर्ने स्वतन्त्र, स्वायत्त र सक्षम निकायको रुपमा विकास गर्न तथा पत्रकारिताको क्षेत्रमा आएका परिवर्तन एवं प्रविधिमा भएको विकासको प्रयोगलाई आत्मसात गरी प्रेस काउन्सिललाई मिडिया काउन्सिलमा रुपान्तरण गरी सक्षम निकायको रुपमा विकास गर्न तथा समय सापेक्ष विद्युतीय, अनलाइन र छापा पत्रकारिता पेशालाई मर्यादित, उत्तरदायी, जिम्मेवार एवं विश्वसनीय बनाई स्वच्छ र स्वतन्त्र रुपमा पत्रकारिताको विकास, संरक्षण तथा नियमनलाई व्यवस्थित बनाउन कानून निर्माण गर्न आवश्यक भएकोले "मिडिया काउन्सिल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" पेश गरेको छु।

६ वैशाख, २०८१
काठमाडौं ।

(रेखा शर्मा)
मन्त्री
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौ

# आर्थिक टिप्पणी

प्रेस काउन्सिल ऐन, २०४८ लाई खारेज गर्ने गरी प्रस्तुत "मिडिया काउन्सिल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" तयार भएको छ। काउन्सिलको कोषमा नेपाल सरकारबाट प्राप्त रकम, कुनै स्वदेशी व्यक्ति वा संघ संस्थाबाट आर्थिक अनुदान वा सहायता स्वरूप प्राप्त रकम र कुनै विदेशी सरकार, निकाय वा संस्थाबाट वैदेशिक सहायता स्वरूप प्राप्त आर्थिक अनुदानको रकम रहने गरी मिडिया काउन्सिलको छुट्टै कोष रहने र काउन्सिलको तर्फबाट गरिने सम्पूर्ण खर्च कोषमा जम्मा भएको रकमबाट व्यहोरिने व्यवस्था गरिएकोले यस विधेयकको कार्यान्वयनबाट नेपाल सरकारलाई सालबसाली रुपमा आर्थिक व्ययभार पर्ने देखिन्छ ।

(रेखा शर्मा)

मन्त्री

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरवार, काठमाडौ

## प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी

प्रस्तुत विधेयकमा रहेको प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी देहाय बमोजिम पेश गरिएको छः-

| क्र.सं | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्योजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ५ को खण्ड (ढ) | काउन्सिलको काम, कर्तव्य र अधिकारलाई थप गर्न। | ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त ऐन अन्तर्गत बन्ने नियमावलीले काउन्सिलको थप काम, कर्तव्य र अधिकार स्पष्ट गर्ने | काउन्सिलको काम, कर्तव्य र अधिकारमा थप प्रष्टता आई कार्य सञ्चालनमा सहज हुने। |
| २. | दफा ११ को खण्ड (ङ) | काउन्सिलको अध्यक्षको काम, कर्तव्य र अधिकारलाई थप गर्न। | ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त ऐन अन्तर्गत बन्ने नियमावलीले काउन्सिलको अध्यक्षको थप काम, कर्तव्य र अधिकार स्पष्ट गर्ने । | अध्यक्षको काम, कर्तव्य र अधिकारमा थप प्रष्टता आई कार्य सञ्चालनमा सहज हुने। |
| ३. | दफा १३ को उपदफा (२) | काउन्सिलको अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोक्न। | काउन्सिलको अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु नियमावलीले तोक्ने । | काउन्सिलको अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु तोकिने हुँदा सो सम्बन्धी द्विविधा नरहने । |
| ४. | दफा १९ को उपदफा (४) | काउन्सिलमा प्राप्त उजुरी दर्ता र तत्सम्बन्धी अन्य व्यवस्था गर्न आवश्यक भएको। | काउन्सिलमा प्राप्त उजुरी दर्ता र तत्सम्बन्धी अन्य कार्य प्रक्रिया सम्बन्धी व्यवस्था नियमावलीमा गर्ने। | काउन्सिलमा प्राप्त उजुरी दर्ता र अन्य कार्य प्रक्रिया स्पष्ट भएको हुने । |
| ५. | दफा २० को उपदफा (६) | काउन्सिलमा प्राप्त उजुरी उपरको जाँचबुझ सम्बन्धी अन्य कार्यविधि निर्धारण गर्न आवश्यक भएको। | काउन्सिलमा प्राप्त उजुरी उपरको जाँचबुझ सम्बन्धी अन्य कार्यविधिगत व्यवस्था नियमावलीले गर्ने। | काउन्सिलमा प्राप्त उजुरी उपरको जाँचबुझ सम्बन्धी अन्य कार्यविधि स्पष्ट भएको हुने । |
| ६. | दफा २१ को | सञ्चार संस्था, आमसञ्चार माध्यम वा पत्रकार र उजुरी | मेलमिलाप सम्बन्धी अन्य कार्यविधिगत व्यवस्था | मेलमिलाप सम्बन्धी कार्य प्रक्रिया स्पष्ट |

| | | | | |
|---|---|---|---|---|
| | उपदफा (२) | कर्ताको बीचमा मेलमिलाप गराउन सक्ने व्यवस्थालाई थप स्पष्ट पार्न कार्यविधि निर्धारण गर्न आवश्यक भएको। | नियमावलीले गर्ने। | भएको हुने । |
| ७. | दफा २५ को उपदफा (७) | काउन्सिलको कोष र कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था थप गर्न आवश्यक रहेको। | काउन्सिलको कोष र कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था नियमावलीले गर्ने । | काउन्सिलको कोष सञ्चालन सम्बन्धी व्यवस्था स्पष्ट भई कोष सञ्चालनमा सहजता हुने । |
| ८. | दफा २७ को उपदफा (५) | प्रेस प्रतिनिधि र स्वतन्त्र पत्रकार लाई परिचय पत्र प्रदान गर्ने सम्बन्धी थप कार्यविधिगत व्यवस्था गर्न आवश्यक रहेको। | प्रेस प्रतिनिधि र स्वतन्त्र पत्रकार लाई परिचय पत्र प्रदान गर्ने सम्बन्धी थप कार्यविधिगत व्यवस्था नियमावलीले गर्ने । | प्रेस प्रतिनिधिलाई परिचय पत्र प्रदान गर्ने सम्बन्धी कार्यमा सहजता हुने । |
| ९. | दफा २८ को उपदफा (२) | काउन्सिलका कर्मचारीहरुको नियुक्ति, शर्त तथा सुविधा सम्बन्धी व्यवस्था गर्न आवश्यक रहेको। | काउन्सिलका कर्मचारीहरुको नियुक्ति, शर्त तथा सुविधा सम्बन्धी व्यवस्था विनियमावलीले गर्ने । | काउन्सिलका कर्मचारीहरुको नियुक्ति, सेवाका शर्त, पारिश्रमिक र सुविधा सम्बन्धमा प्रष्टता आउने । |
| १०. | दफा ३५ | यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्ने व्यवस्था गर्न आवश्यक रहेको। | नेपाल सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक पर्ने नियमहरू बनाउने । | नेपाल सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक पर्ने नियमहरू बनाएको हुने। |
| ११. | दफा ३६ | यस ऐन तथा यो ऐन अन्तरगत बनेको नियमावलीको अधीनमा रही काउन्सिलले आर्थिक तथा कर्मचारी प्रशासन सम्बन्धी विषयमा विनियम बनाई लागु गर्न सक्ने व्यवस्था गर्न आवश्यक रहेको। । | यस ऐन तथा यो ऐन अन्तरगत बनेको नियमावलीको अधीनमा रही काउन्सिलले आर्थिक तथा कर्मचारी प्रशासन सम्बन्धी विषयमा विनियम बनाई मन्त्रालयको स्वीकृतिमा लागु गर्न सक्ने । | काउन्सिलले आवश्यक पर्ने विनियमहरू बनाई लागु गरेको हुने। |

# मिडिया काउन्सिल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको

## सैद्धान्तिक अवधारणापत्र

१. नयाँ ऐन बनाउनु पर्ने आवश्यकताः

(क) संवैधानिक कारणः नेपालको संविधानको धारा १९ मा व्यवस्था भएको सञ्चारको हक अन्तर्गत रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चारमाध्यमहरुको व्यवस्तापन र नियमन गर्ने व्यवस्था रहेको।

(ख) अन्तर्राष्ट्रिय दायित्वः विश्व प्रेस काउन्सिल र दक्षिण एशियाली प्रेस लगायत विश्वका अन्य देशका काउन्सिलहरुसँग सम्बन्ध सुधार गरी प्रेस काउन्सिल नेपालको नाम मिडिया काउन्सिलमा परिवर्तन गरी अझ सशक्त र प्रभावकारी बनाउनु पर्ने आवश्यक्त रहेको।

(ग) सरकारी नीति तथा कार्यक्रमः राष्ट्रिय आमसञ्चार नीति, २०७३ लागु भई प्रेस काउन्सिललाई पत्रकारिता क्षेत्रको आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी सुनुवाई गर्ने स्वतन्त्र, स्वायत्त र सक्षम निकायको रुपमा विकास गर्ने तथा पत्रकारिताको क्षेत्रमा आएका परिवर्तन एवं प्रविधिमा भएको विकासको प्रयोगलाई आत्मसात गरी प्रेस काउन्सिललाई मिडिया काउन्सिलमा रुपान्तरण गरी सक्षम निकायको रुपमा विकास गर्न नयाँ कानून निर्माण गर्न आवश्यकता परेको।

(घ) अन्य कुनै कारणः समय सापेक्ष विद्युतीय, अनलाइन र छापा पत्रकारिता पेशालाई मर्यादित, उत्तरदायी, जिम्मेवार एवं विश्वसनीय बनाई स्वच्छ र स्वतन्त्र रुपमा पत्रकारिताको विकास, संरक्षण तथा नियमनलाई व्यवस्थित बनाउन तथा समानुपातिक समावेशी सिद्धान्तको आधारमा मिडिया काउन्सिलको गठन गर्न नयाँ ऐनको व्यवस्था गर्नुपर्ने भएको।

२. नयाँ कानून बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धिः

(क) छापामाध्यम, विद्युतीय तथा अनलाईन पत्रकारिता क्षेत्रको आचारसंहिता अनुगमन गर्ने र आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी सुनुवाई गर्ने मिडिया काउन्सिललाई स्वतन्त्र, स्वायत्त र सक्षम निकायको रुपमा विकास गर्न तथा राष्ट्रिय आमसञ्चार नीति, २०७३ मा उल्लेख भएका कार्यक्रम लागु हुने ।

(ख) सबै मिडिया र पत्रकारलाई समेटी आचारसंहिता पालना गराउन वा अनुगमन गर्न मार्ग प्रशस्त हुने।

(ग) काउन्सिलको पुनर्संरचना हुनुका साथै भूमिका अझ प्रभावकारी हुने।

३. प्रस्तावित विषयमा कुनै मौजुदा कानून भए त्यसको नामः प्रेस काउन्सिल ऐन, २०४८।

४. मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारणः मौजुदा प्रेस काउन्सिल ऐन, २०४८ मा रहेका व्यवस्था संशोधन र केही थप गर्नु पर्ने तथा मुलुक संघीयतामा गइसकेको अवस्थामा सोही अनुरुप नयाँ ऐनको मस्यौदा गर्नुपर्ने भएकोले।

५. <u>प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि **(Method)** बाट तर्जुमा भएको होः</u> प्रस्तुत विषयमा राष्ट्रिय आमसञ्चार नीति, २०७३ स्वीकृत भई लागु भएको र उक्त नीति तार्किक पद्धति (Rational Method) र मिश्रित पद्धति (Mixed Method) बाट तर्जुमा गरिएको।

६. **<u>नीति निर्माणमा संलग्न पदाधिकारीः</u>** सूचना तथा सञ्चार मन्त्रालय, नेपाल प्रेस काउन्सिल र नेपाल सरकारका विभिन्न पदाधिकारीहरु ।

७. **<u>प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनाएको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नामः</u>** अमेरिका, बेलायत, फ्रान्स, टर्की, अजरबैजान, केन्या, साइप्रस, श्रीलंका, पाकिस्तान, भारत, बंगलादेश लगायत विश्वका धेरैजसो मुलुकमा काउन्सिल रहेको र विश्व प्रेस काउन्सिलले साझा आचारसंहिता बनाई विश्वका मिडिया र पत्रकारको अनुगमन गर्दै आएको।

८. **<u>प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोराः</u>** प्रेस काउन्सिलको स्थापना तथा गठनका विषयवस्तुहरु समेटी आचारसंहिता उल्लङ्घनका सम्बन्धमा कानून तर्जुमा गरी प्रेस काउन्सिललाई अझ बढी सक्षम बनाउन प्रेस काउन्सिलबाट मस्यौदा पेश भएको।

९. **<u>प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभारः</u>** भैरहेको संरचनाले काम गर्ने हुँदा आर्थिक भार खासै थप नहुने।

१०. **<u>प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्नेः</u>** थप संरचना आवश्यक नपर्ने।

११. **<u>प्रस्तावित कानून कार्यान्वयन गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएकोः</u>** प्रस्तावित कानून कार्यान्वयन गर्न कुनै निकायको परामर्श, सहमति लिनु नपर्ने तर ऐनको मस्यौदा तयार गर्न आवश्यकता अनुसार नेपाल सरकारका विभिन्न मन्त्रालय र निकायहरुसँग राय परामर्श लिइएको।

१२. **<u>प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयः</u>**

(१) काउन्सिलको स्थापना तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था।

(२) पत्रकार आचारसंहिता जारी गर्ने सम्बन्धी व्यवस्था।

(३) आचारसंहिताको पालना, अनुगमन तथा कारबाही सम्बन्धी व्यवस्था।

(४) प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्था।

(५) काउन्सिलको कोष तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था।

(६) कर्मचारी सम्बन्धी व्यवस्था।

(७) विविध व्यवस्था।

# मिडिया काउन्सिल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना:** पत्रकारिता क्षेत्रमा पेशागत तथा व्यावसायिक आचरण कायम राख्न तथा स्वनियमनलाई प्रवर्द्धन गरी स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायको रुपमा मिडिया काउन्सिलको स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकाले,

संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "मिडिया काउन्सिल ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले काउन्सिलको अध्यक्ष सम्झनु पर्छ।

(ख) "अनलाइन पत्रकारिता" भन्नाले इन्टरनेटको माध्यमबाट कुनै वेबसाइट मार्फत सार्वजनिक तथा व्यावसायिक रुपमा प्रवाह गरिने समाचार, समाचार विश्लेषण, लेख, अन्तरवार्ता जस्ता सामग्री सङ्कलन, सम्पादन, प्रकाशन वा सम्प्रेषण गर्ने कार्य सम्झनु पर्छ।

(ग) "आचारसंहिता" भन्नाले दफा १६ बमोजिम जारी भएको आचारसंहिता सम्झनु पर्छ।

(घ) "आमसञ्चार" भन्नाले सूचना तथा सन्देशको सम्प्रेषण गर्ने उद्देश्यले स्थापना भएका आमसञ्चारका माध्यमबाट त्यस्तो सूचना वा सन्देश उत्पादन, प्रकाशन तथा प्रसारण गर्ने कार्यलाई सम्झनु पर्छ र सो शब्दले अनलाइन पत्रकारिता तथा छापा पत्रकारितालाई समेत जनाउँछ।

(ङ) "आमसञ्चार माध्यम" भन्नाले सूचना तथा सन्देशको सम्प्रेषण गर्ने उद्देश्यले स्थापना भई त्यस्तो सूचना वा सन्देश उत्पादन, प्रकाशन तथा प्रसारण गर्ने सरकारी, सामुदायिक वा निजी क्षेत्रबाट सञ्चालित विद्युतीय वा मुद्रणका सञ्चार माध्यम सम्झनु पर्छ ।

(च) "काउन्सिल" भन्नाले दफा ३ बमोजिम स्थापना भएको मिडिया काउन्सिल सम्झनु पर्छ।

(छ) "छापा पत्रकारिता" भन्नाले समाचारपत्र वा अन्य पत्रपत्रिकामा प्रकाशन हुने समाचार, समाचार बिश्लेषण, लेख, अन्तरवार्ता जस्ता सामग्री सङ्कलन, सम्पादन, प्रकाशन, सम्प्रेषण गर्ने कार्य सम्झनु पर्छ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) "परिवारका सदस्य" भन्नाले पति, पत्नी, बाबु, आमा, छोरा, छोरी, दाजु, भाइ, दिदी, बहिनी, नाति, नातिनी, बाजे, ठुलोबुबा, काका, फूपु, मामा, ससुरा, जेठान, साला, साली र त्यस्ता नाताका व्यक्तिको पति वा पत्नी तथा निजका छोरा, छोरी सम्झनुपर्छ।

(ञ) "पत्रकार" भन्नाले आमसञ्चार माध्यममा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्ति बाहेक सञ्चार सम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय बनाई पारिश्रमिक लिई वा नलिई पूर्ण वा आंशिक समय काम गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिङ्गर, समाचार वाचक, कार्यक्रम निर्देशक, अनुवादक, साजसज्जा प्राविधिक, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरा पर्सन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, तस्वीर, दृश्य वा भाषा सम्पादक जस्ता पत्रकारिता पेसासँग सम्बन्धित व्यक्ति सम्झनु पर्छ र सो शब्दले आमसञ्चार माध्यममा आवद्ध नभई अनलाइन पत्रकारिता सम्बन्धी कार्य गर्ने पत्रकार वा अन्य स्वतन्त्र पत्रकारलाई समेत जनाउँछ ।

(ट) "प्रेस प्रतिनिधि" भन्नाले प्रेस प्रतिनिधिको परिचयपत्र लिएको व्यक्ति सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ड) "सदस्य" भन्नाले काउन्सिलको सदस्य सम्झनु पर्छ र सो शब्दले काउन्सिलको अध्यक्षलाई समेत जनाउँछ ।

(ढ) "सञ्चार संस्था" भन्नाले आमसञ्चार माध्यम सञ्चालन गर्न प्रचलित कानून बमोजिम स्थापना वा दर्ता भएको सञ्चार संस्था वा प्रतिष्ठान सम्झनु पर्छ र सो शब्दले कुनै व्यक्ति, समूह वा संस्था बीच एक अर्कासँग अन्तर्क्रियात्मक सञ्चार र विषयवस्तु प्रसार गर्ने उद्देश्यले स्थापित अनलाइन सञ्चार संस्था तथा सामाजिक सञ्जाललाई समेत जनाउँछ।

## परिच्छेद–२

## काउन्सिलको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. काउन्सिलको स्थापना: (१) स्वच्छ, मर्यादित र जवाफदेही पत्रकारिताको विकासका लागि स्वायत्त नियामक निकायको रुपमा मिडिया काउन्सिलको स्थापना गरिएको छ।

(२) काउन्सिलको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

४. काउन्सिल स्वशासित र सङ्गठित संस्था हुने: (१) काउन्सिल अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ ।

(२) काउन्सिलले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ ।

५. **<u>काउन्सिलको काम, कर्तव्य र अधिकारः</u>** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त काउन्सिलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आमसञ्चार सम्बन्धी नीति निर्माणमा नेपाल सरकारलाई सुझाव दिने तथा समन्वय गर्ने,

(ख) प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सञ्चारको हकको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्ने,

(ग) पत्रकारको अभिलेख राख्ने तथा प्रेस प्रतिनिधि परिचयपत्र प्रदान गर्ने,

(घ) विश्वसनीय सञ्चार वातावरण कायम गर्न आमसञ्चार माध्यम तथा आमनागरिक बीचको सम्बन्धलाई सौहार्दपूर्ण बनाउन आवश्यक समन्वय गर्ने,

(ङ) प्रकाशन तथा प्रसारण स्वतन्त्रता र पत्रकारिताको पेशागत मर्यादा हनन् हुन नदिन क्रियाशील रहने,

(च) आमसञ्चार तथा पत्रकारिताका विषयमा समसामयिक अध्ययन, अनुसन्धान र प्रशिक्षण गर्ने,

(छ) स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास, संरक्षण तथा स्वनियमन प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तहसँग सहकार्य गर्ने,

(ज) आचारसंहिता जारी गर्ने तथा सोको कार्यान्वयनको अनुगमन गर्ने,

(झ) आचारसंहिता विपरीत प्रकाशन वा प्रसारण भएको सामग्रीको अनुगमन र नियमन गर्ने,

(ञ) आचारसंहिता उल्लङ्घनको विषयमा उजुरी लिने र उजुरीको सुनुवाई गर्ने,

(ट) काउन्सिलको नीति, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ठ) आमसञ्चार माध्यमको समग्र अवस्थाको प्रवृत्तिगत अध्ययन तथा विश्लेषण गरी प्रतिवेदन प्रकाशन गर्ने,

(ड) सञ्चार संस्थाको अध्यक्ष तथा सञ्चालकलाई सम्बन्धित सञ्चार संस्थाको प्रतिनिधिको रूपमा तोकिए बमोजिम परिचयपत्र जारी गर्ने।

(ढ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

## परिच्छेद–३
## <u>काउन्सिलको गठन तथा सञ्चालन</u>

६. **<u>काउन्सिलको गठनः</u>** (१) काउन्सिलको गठन देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -अध्यक्ष

(ख) मन्त्रालयले तोकेको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत -सदस्य

(ग) नेपाल पत्रकार महासंघको अध्यक्ष -सदस्य

(घ) छापा पत्रकारिता, अनलाइन पत्रकारिता, रेडियो, टेलिभिजनका प्रकाशक, सम्पादक, श्रमजीवी पत्रकारहरुको समेत प्रतिनिधित्व हुने गरी प्रत्येक प्रदेशबाट एक जनाको दरले कम्तीमा तीन जना महिला रहने गरी सात जना -सदस्य

(ङ) सञ्चार माध्यमका पाठक, दर्शक, श्रोताको प्रतिनिधित्व हुने गरी एक जना -सदस्य

(२) उपदफा (१) बमोजिम काउन्सिलको अध्यक्ष र खण्ड (घ) र (ङ) बमोजिमका सदस्य नियुक्तिको लागि मन्त्रालय समक्ष सिफारिस गर्न मन्त्रालयका सचिवको संयोजकत्वमा नेपाल सरकारले तोकेको विज्ञ सदस्य एक जना र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव रहने गरी तीन सदस्यीय सिफारिस समिति रहनेछ।

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले सिफारिस गर्दा समावेशी सिद्वान्तका आधारमा प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको सिफारिस समितिले काम शुरु गरेको मितिले एक महिनाभित्र सिफारिस गरिसक्नु पर्नेछ।

(५) नेपाल सरकारले उपदफा (२) बमोजिमको सिफारिस समितिको सिफारिस बमोजिम अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ।

(६) काउन्सिलको अध्यक्ष उक्त पदमा रहुन्जेल कुनै पनि सञ्चार माध्यममा संलग्न रहने छैन।

(७) काउन्सिलको अध्यक्ष र सदस्यले आफू नियुक्त भएको तिस दिनभित्र आफू र आफ्नो परिवारका सदस्य संलग्न रहेको पेशा र व्यवसायको बारेमा काउन्सिलमा लिखित जानकारी दिनु पर्नेछ।

(८) सूचना तथा प्रसारण विभागको महानिर्देशकले काउन्सिलको सचिव भई काम गर्नेछ।

७. <u>योग्यताः</u> देहायको योग्यता पुगेको व्यक्ति काउन्सिलको अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन योग्य हुनेछः-

(क) नेपाली नागरिक,
(ख) उच्च नैतिक चरित्र भएको,
(ग) अध्यक्षको हकमा सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरेको र पत्रकारिताको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव सहित सो क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको,
(घ) सदस्यको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तहको उपाधि हासिल गरेको र सञ्चार, व्यवस्थापन, कानून, सूचना प्रविधि, साहित्य वा सामाजिक क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको,
(ङ) अध्यक्षको हकमा चालीस वर्ष र सदस्यको हकमा तीस वर्ष उमेर पूरा भएको,
(च) दफा ८ बमोजिमको अयोग्यता नभएको।

८. <u>अयोग्यताः</u> देहायको व्यक्ति काउन्सिलको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि अयोग्य हुनेछः-

(क) दफा ७ बमोजिमको योग्यता नभएको वा नरहेको,
(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य रहेको,

(ग) पैसठ्ठी वर्ष उमेर पूरा भएको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, संगठित अपराध, नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ङ) कुनै विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता लिएको,

(च) प्रचलित कानून बमोजिम कालोसूचीमा नाम समावेश रहेको, वा

(छ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुन योग्य नभएको।

९. <u>पदावधिः</u> (१) काउन्सिलको अध्यक्ष र सदस्यको पदावधि चार वर्षको हुनेछ। निजहरु पुनः एकपटकको लागि सोही पदमा नियुक्त हुन सक्नेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि काउन्सिलको अध्यक्ष वा सदस्यलाई कार्य क्षमताको अभाव, खराब आचरण वा पदीय दायित्व पूरा नगरेको कारण पदबाट हटाउनु पर्ने अवस्था भएमा मन्त्रालयले छानविनको लागि उच्च अदालतबाट अवकाश प्राप्त न्यायाधीशको अध्यक्षतामा अन्य दुई जना विज्ञ समेत रहेको तीन सदस्यीय जाँचबुझ समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको जाँचबुझ समितिले आरोप लागेको अध्यक्ष वा सदस्यलाई सोधपुछ गर्न वा बयान लिन सक्नेछ।

(४) उपदफा (२) बमोजिमको जाँचबुझ समितिले काम सुरू गरेको मितिले एक महिनाभित्र जाँचबुझको कार्य सम्पन्न गरी सोको प्रतिवेदन मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम जाँचबुझ समितिले अध्यक्ष वा सदस्यलाई पदबाट हटाउन सिफारिस गरेमा मन्त्रालयले सोही बमोजिम त्यस्तो अध्यक्ष वा सदस्यलाई पदबाट हटाउने गरी नेपाल सरकार समक्ष प्रस्ताव पेस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको प्रस्तावका आधारमा नेपाल सरकारले त्यस्तो अध्यक्ष वा सदस्यलाई पदबाट हटाउन सक्नेछ।

(७) उपदफा (६) बमोजिम अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेस गर्ने मनासिव मौका दिनु पर्नेछ।

१०. <u>पद रिक्त हुने अवस्थाः</u> देहायको अवस्थामा अध्यक्ष वा दफा ६ को उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यको पद रिक्त हुनेछः-

(क) नेपाल सरकार समक्ष लिखित राजीनामा दिएमा,

(ख) दफा ८ बमोजिम अयोग्य भएमा,

(ग) दफा ९ बमोजिम पदावधि पूरा भएमा वा पदबाट हटाइएमा,

(घ) मृत्यु भएमा।

११. <u>अध्यक्षको काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) काउन्सिलको बैठकको अध्यक्षता गर्ने,
(ख) काउन्सिलको नीति तथा कार्यक्रम तयार गर्ने, गराउने,
(ख) काउन्सिलको बैठकमा काउन्सिलको नीति, वार्षिक बजेट तथा कार्यक्रम पेस गर्ने,
(ग) काउन्सिलको बैठकका लागि कार्यसूची तयार गर्ने, गराउने,
(घ) काउन्सिलको बैठकका निर्णय कार्यान्वयन गर्ने, गराउने,
(ङ) तोकिए बमोजिमको काम गर्ने।

१२. <u>सदस्यको काम, कर्तव्य र अधिकारः</u> सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
(क) काउन्सिलको बैठकमा सहभागी हुने,
(ख) काउन्सिलले तोकेको कार्य गर्ने ।

१३. <u>अध्यक्ष तथा सदस्यको सेवाको शर्त तथा सुविधाः</u> (१) अध्यक्ष काउन्सिलको पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

(३) सदस्यले काउन्सिलको बैठकमा उपस्थित भए बापत नेपाल सरकारको अर्थ मन्त्रालयबाट निर्धारण भए बमोजिमको बैठक भत्ता पाउनेछ ।

१४. <u>काउन्सिलको बैठकः</u> (१) काउन्सिलको बैठक कम्तीमा तीन महिनाको एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको पद रिक्त रहेको वा निलम्बनमा रहेको अवस्थामा दफा १५ बमोजिम अध्यक्ष नियुक्ति नभएसम्मको लागि कार्यबाहक अध्यक्षको रुपमा दफा ६ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्यले बैठक बोलाउनेछ र सो बैठकको अध्यक्षता गर्नेछ।

(३) काउन्सिलको सचिवले काउन्सिलको बैठक बस्ने मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उचित र पर्याप्त कारण भएमा अध्यक्षले त्यस्तो कारण खुलाई चौबीस घण्टा अगावै काउन्सिलको बैठक बोलाउन सक्नेछ।

(५) कुनै सदस्यले बैठकमा छलफल हुने विषय सूचीमा उल्लिखित विषयको अतिरिक्त अन्य कुनै विषयमा छलफल गराउन चाहेमा त्यसरी छलफल गर्न चाहेको विषय र कारण सहितको सूचना बैठक बस्नु भन्दा अगावै काउन्सिलको सचिवलाई दिनु पर्नेछ। त्यसरी सूचना प्राप्त हुनासाथ काउन्सिलको सचिवले त्यसको जानकारी अध्यक्ष र सदस्यलाई दिनु पर्नेछ।

(६) उपदफा (३) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि काउन्सिलको बैठकमा उपस्थित सबै सदस्यको सहमतिले विषयसूचीमा नपरेको विषयमा समेत छलफल गरी निर्णय गर्न सकिनेछ।

(७) काउन्सिलको कूल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा काउन्सिलको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(८) काउन्सिलको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(९) काउन्सिलको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(१०) काउन्सिलको सचिवले बैठकको निर्णयमा अध्यक्ष र सदस्यको हस्ताक्षर गराई सुरक्षित रूपमा राख्नु पर्नेछ र निर्णयको प्रति सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(११) काउन्सिलको बैठक सम्बन्धी अन्य कार्यविधि काउन्सिल आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. <u>अध्यक्ष नियुक्ति सम्बन्धी विशेष व्यवस्था:</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम भ्रष्टाचारको मुद्दा दर्ता भएको कारण अध्यक्ष निलम्बनमा रही तीन महिना भन्दा बढी अवधिको लागि कार्यसम्पादन गर्न नसक्ने भएमा नेपाल सरकारले दफा ६ को उपदफा (२) बमोजिमको समितिको सिफारिसमा बाँकी अवधिको लागि अर्को अध्यक्ष नियुक्ति गर्न सक्नेछ।

## परिच्छेद–४

## <u>आचारसंहिताको पालना, अनुगमन तथा कारबाही</u>

१६. <u>आचारसंहिता जारी गर्ने:</u> (१) काउन्सिलले पत्रकारिताको पेशागत मर्यादा कायम राख्न आचारसंहिता बनाई जारी गर्नेछ।

(२) उपदफा (१) बमोजिम काउन्सिलले जारी गरेको आचारसंहिताको पालना गर्नु प्रत्येक सञ्चार संस्था, आमसञ्चार माध्यम र पत्रकारको कर्तव्य हुनेछ।

(३) आमसञ्चार माध्यमले काउन्सिलले जारी गरेको आचारसंहिताको प्रतिकूल नहुने गरी आ-आफ्नो सञ्चार माध्यमका लागि सञ्चार संस्थाले आचारसंहिता र सम्पादकीय नीतिको स्वघोषणा गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम जारी भएको आचारसंहिताको पालना भए नभएको र उपदफा (३) बमोजिम घोषित आचारसंहिता र सम्पादकीय नीतिको परिपालना भए नभएको सम्बन्धमा काउन्सिलले आवश्यक अनुगमन गर्नेछ र त्यस्तो आचारसंहिता र सम्पादकीय नीति पालनाको लागि आवश्यक निर्देशन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित सञ्चार संस्था, आमसञ्चार माध्यम र पत्रकारको कर्तव्य हुनेछ।

१७. <u>स्वनियमन र स्वमूल्याङ्कन:</u> (१) काउन्सिलले स्वच्छ, मर्यादित र जवाफदेही पत्रकारिताको विकासका लागि आमसञ्चार माध्यमलाई स्वनियमन र स्वमूल्याङ्कन गर्न लगाउनेछ।

(२) आमसञ्चार माध्यमले पाठक, श्रोता र दर्शकको गुनासो सुनुवाई गर्न स्वनियमन संयन्त्र बनाउनु पर्नेछ ।

१८. <u>जानकारी गराउनु पर्ने:</u> (१) सञ्चार संस्थाको अध्यक्ष र सञ्चालकले आफ्नो लगानी भएको व्यवसाय, लगानीको क्षेत्र र स्रोतको बारेमा काउन्सिललाई तोकिए बमोजिम जानकारी गराउनुपर्नेछ।

(२) सञ्चार संस्थाले आफ्नो व्यवसाय वा लगानी गरेको संस्थासँग सम्बन्धित समाचार, लेख वा रचना प्रकाशन वा प्रसारण गर्दा त्यस्ता सामग्रीहरु आफ्नो लगानी रहेको क्षेत्रसँग सम्बन्धित भएमा सर्वसाधारणले देख्न, पढन वा सुन्न सक्ने गरी तोकिए बमोजिम जानकारी (डिस्क्लेमर) गराउनु पर्नेछ।

१९. <u>उजुरी दिन सकिने:</u> (१) दफा १६ बमोजिम काउन्सिलले जारी गरेको आचारसंहिता सञ्चार संस्था, आमसञ्चार माध्यम वा पत्रकारले उल्लङ्घन गरेमा सरोकारवाला कुनै व्यक्ति वा संस्थाले काउन्सिलमा उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उजुरी लिखित रूपमा वा विद्युतीय माध्यमबाट समेत दिन सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि काउन्सिलले जारी गरेको आचारसंहिता सञ्चार संस्था, आमसञ्चार माध्यम वा पत्रकारले उल्लङ्घन गरेको सूचना वा जानकारी कुनै माध्यमबाट काउन्सिललाई प्राप्त भएमा काउन्सिलले दफा २० बमोजिम कारबाही गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको उजुरीको दर्ता तथा तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. <u>उजुरी उपर जाँचबुझ र कारबाही:</u> (१) दफा १९ बमोजिम प्राप्त उजुरी वा काउन्सिललाई कुनै माध्यमबाट प्राप्त सूचना वा जानकारी उपर काउन्सिलले प्रारम्भिक जाँचबुझ गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा प्राप्त उजुरी, सूचना वा जानकारी काल्पनिक, आधारहीन वा झुट्टा देखिएमा काउन्सिलले आधार र कारण खोली त्यस्तो उजुरी, सूचना वा जानकारीलाई तामेलीमा राख्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्रारम्भिक जाँचबुझ गर्दा आचारसंहिता उल्लङ्घन गरेको देखिने आधार विद्यमान भएमा काउन्सिलले त्यस्तो उजुरी, सूचना वा जानकारीको विस्तृत जाँचबुझ गर्नेछ। त्यसरी जाँचबुझ गर्दा काउन्सिलले सम्बन्धित सञ्चार संस्था, आमसञ्चार माध्यम र पत्रकारलाई सोधपुछ गर्ने वा उजुरसँग सम्बन्धित प्रमाण बुझ्ने समेतका काम गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको विस्तृत जाँचबुझबाट आचारसंहिता उल्लङ्घन गरेको देखिएमा र दफा २१ बमोजिम मेलमिलाप हुन नसकेमा आचारसंहिता उल्लङ्घन गर्ने सञ्चार संस्था, आमसञ्चार माध्यम वा पत्रकारलाई काउन्सिलले देहाय बमोजिम कारबाही गर्न सक्नेछ:-

(क) क्षमायाचना गर्न लगाउने र काउन्सिलले निर्धारण गरे बमोजिमको सङ्ख्या, समय वा पृष्ठमा खण्डन प्रकाशन, प्रसारण गर्न लगाउने,

(ख) काउन्सिलको निर्णय वा निर्देशन पालना नगर्ने सञ्चार संस्था, आमसञ्चार माध्यम र त्यसमा संलग्न पत्रकार उपर काउन्सिलले खेद प्रकट गरी आदेश, निर्देशन र आचारसंहिता पालना नगरेको भनी सार्वजनिक रुपमा सूचना प्रकाशित गर्ने,

(ग) सञ्चार संस्था, आमसञ्चार माध्यम र संलग्न पत्रकारलाई सचेत गराउने,

(घ) पत्रकार, प्रेस प्रतिनिधि परिचयपत्र एक वर्षसम्मको लागि निलम्बन गर्ने,

(ङ) सरकारबाट पाउने सेवा, सुविधा, सहुलियत वा लोककल्याणकारी विज्ञापन वा अन्य सुविधा तोकिएको अवधिभरको लागि आंशिक वा पूरै रोक लगाउन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(च) सार्वजनिक रुपमा क्षमा याचना गर्न लगाउने, क्षमा याचना नगरेमा काउन्सिलले अभिलेखमा राखी नाम सार्वजनिक गर्ने।

(५) उपदफा (४) बमोजिम कारबाही गर्ने निर्णय गर्नु अघि काउन्सिलले सम्बन्धित सञ्चार संस्था, आमसञ्चार माध्यम वा पत्रकारलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) काउन्सिलमा प्राप्त उजुरी उपरको जाँचबुझ सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

२१. <u>मेलमिलाप गराउनेः</u> (१) काउन्सिलबाट जारी भएको आचारसंहिता विपरीत कुनै सामग्री प्रकाशन वा प्रसारण गरेको कारण कसैको मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको भनी मर्का पर्ने व्यक्तिले दफा १९ बमोजिम दिएको उजुरी उपर दफा २० बमोजिम जाँचबुझ गर्दा कसैको मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको देखिएमा काउन्सिलले सम्बन्धित सञ्चार संस्था, आमसञ्चार माध्यम वा पत्रकार र उजुरी कर्ताको बीचमा मेलमिलाप गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मेलमिलाप गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. <u>क्षतिपूर्तिः</u> काउन्सिलबाट जारी भएको आचारसंहिता विपरीत कुनै सञ्चार संस्था, सञ्चार माध्यम वा पत्रकारबाट प्रकाशन वा प्रसारण भएको कुनै समाचार वा सूचनाबाट कुनै व्यक्तिको मर्यादा वा प्रतिष्ठामा गम्भीर असर पुऱ्याएको वा सम्पत्ति वा व्यवसायमा हानि नोक्सानी भएको अवस्थामा त्यस्तो व्यक्तिले क्षतिपूर्तिको दावी सहित सम्बन्धित सञ्चार संस्था, आमसञ्चार माध्यम वा पत्रकार विरुद्ध सम्बन्धित जिल्ला अदालतमा उजुरी दिन सक्नेछ।

२३. <u>पुनरावेदनः</u> दफा २० को उपदफा (४) बमोजिमको कारबाही वा आदेशमा चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले कारबाही वा आदेश भएको मितिले पैंतिस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

२४. <u>प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्नेः</u> यस ऐन बमोजिम आचारसंहिता उल्लङ्घन गरेको कुनै काम अन्य प्रचलित कानून बमोजिम कसूर हुने भएमा आचारसंहिता उल्लङ्घनमा कारबाही भएको कारणबाट मात्रै त्यस्तो कसूरमा प्रचलित कानून बमोजिम कारबाही चलाउन र सजाय गर्न बाधा पर्ने छैन।

## परिच्छेद-५
## कोष तथा लेखा परीक्षण

२५. <u>काउन्सिलको कोषः</u> (१) काउन्सिलको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,
(ख) कुनै स्वदेशी व्यक्ति वा संघ संस्थाबाट आर्थिक अनुदान वा सहायता स्वरूप प्राप्त रकम,
(ग) कुनै विदेशी सरकार, निकाय वा संस्थाबाट वैदेशिक सहायता स्वरूप प्राप्त आर्थिक अनुदानको रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम आर्थिक अनुदान लिनु अघि नेपाल सरकारको अर्थ मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषमा प्राप्त रकम काउन्सिलले तोकेको प्रचलित कानून बमोजिम "क" वर्गको इजाजत प्राप्त कुनै बैंक वा वित्तीय संस्थामा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) काउन्सिलको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) उपदफा (५) बमोजिम खर्च गर्दा प्रत्येक आर्थिक वर्षको लागि स्वीकृत कार्यक्रम र बजेटको अधीनमा रही खर्च गर्नु पर्नेछ।

(७) काउन्सिलको कोष र कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. <u>लेखा र लेखा परीक्षणः</u> (१) काउन्सिलले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) काउन्सिलको आन्तरिक लेखा परीक्षण कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

(३) नेपाल सरकारले काउन्सिलको आय व्ययको लेखा, तत् सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत जाँच्न वा जँचाउन सक्नेछ।

## परिच्छेद–६
## विविध

२७. **प्रेस प्रतिनिधिः** (१) सञ्चार संस्थामा कार्यरत पत्रकारले काउन्सिलबाट प्रेस प्रतिनिधिको परिचयपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रेस प्रतिनिधि परिचयपत्र लिन चाहने नेपाली नागरिकले आफू कार्यरत सञ्चार संस्थाको सिफारिस सहित तोकिए बमोजिमको योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) स्वतन्त्र पत्रकारले काउन्सिलबाट प्रेस प्रतिनिधिको परिचयपत्र लिन चाहेमा तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिमको निवेदन प्राप्त भएपछि त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गरी काउन्सिलले तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा प्रेस प्रतिनिधि परिचयपत्र दिन सक्नेछ।

(५) प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. **कर्मचारीः** (१) काउन्सिलमा आवश्यक संख्यामा कर्मचारी रहनेछन्। काउन्सिलमा रहने कर्मचारीको दरवन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारीको नियुक्ति सेवा, शर्त तथा सुविधा विनियममा तोकिए बमोजिम हुनेछ।

२९. **समिति वा उपसमिति गठन गर्न सकिनेः** (१) काउन्सिलले आफ्नो कामकारबाही सम्पादन गर्ने क्रममा आवश्यकता अनुसार समिति वा उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा उपसमितिको काम, कर्तव्य, अधिकार र कार्याविधि सो समिति वा उपसमिति गठन गर्दाको बखत काउन्सिलले निर्धारण गरे बमोजिम हुनेछ।

३०. **निजी स्वार्थ भएमा निर्णय प्रक्रियामा सहभागी हुन नहुनेः** अध्यक्ष, सदस्य वा काउन्सिलका कर्मचारीले कुनै निर्णय गर्दा त्यस्तो विषयमा आफ्नो कुनै हित, सरोकार वा स्वार्थ रहेको भएमा वा आफू वा आफ्नो परिवारका सदस्यलाई प्रत्यक्ष फाइदा पुग्ने भएमा सो कुराको जानकारी काउन्सिललाई गराई त्यस्तो विषयको निर्णय प्रक्रियामा सहभागी हुनु हुँदैन।

३१. **अधिकार प्रत्यायोजनः** (१) काउन्सिलले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार अध्यक्ष, सदस्य वा दफा २९ बमोजिम गठित समिति वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर, काउन्सिलमा परेको उजुरी उपरको कारबाही गर्ने अधिकार प्रत्यायोजन हुन सक्ने छैन।

(२) अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार काउन्सिलका कुनै सदस्य वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३२. **शपथः** अध्यक्षले प्रधानन्यायाधीश समक्ष र सदस्यले अध्यक्ष समक्ष आफ्नो पदको कार्य सम्हाल्नु अघि प्रचलित कानून बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

३३. **वार्षिक प्रतिवेदनः** (१) काउन्सिलले प्रत्येक वर्ष आफूले सम्पादन गरेका कामकारबाही, कोषको अवस्था समेतको विवरण समावेश गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफ्नो वार्षिक प्रतिवेदन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन नेपाल सरकारले संघीय संसदको सम्वन्धित समिति समक्ष पेश गर्नेछ।

३४. **नेपाल सरकारसँग सम्पर्कः** काउन्सिलले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

३५. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

३६. **विनियम बनाउने अधिकारः** (१) यस ऐन तथा यो ऐन अन्तरगत बनेको नियमावलीको अधीनमा रही काउन्सिलले आर्थिक तथा कर्मचारी प्रशासन सम्बन्धी विषयमा विनियम बनाउन सक्नेछ र त्यस्तो विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुनेछ ।

(२) उपदफा (१) बमोजिम विनियम बनाउँदा आर्थिक दायित्व पर्ने भएमा नेपाल सरकारको अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

३७. **खारेजी र बचाउः** (१) प्रेस काउन्सिल ऐन, २०४८ खारेज गरिएको छ।

(२) प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम भए गरेका कामकारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत प्रेस काउन्सिल ऐन, २०४८ बमोजिमको काउन्सिलमा रहेका पदाधिकारीहरु यो ऐन प्रारम्भ भएपछि स्वतः पदमुक्त हुनेछन्।

(४) प्रेस काउन्सिल ऐन, २०४८ बमोजिमको काउन्सिलमा कार्यरत स्थायी कर्मचारी यस ऐन बमोजिमको काउन्सिलको समान स्तर र तहको पदमा स्वतः कायम हुनेछन्।

(५) प्रेस काउन्सिल ऐन, २०४८ बमोजिमको काउन्सिलको सम्पत्ति, दायित्व तथा अभिलेख यस ऐन बमोजिमको काउन्सिलमा सर्नेछ।

(६) प्रेस काउन्सिल ऐन, २०४८ बमोजिमको काउन्सिलमा विचाराधीन उजुरी स्वतः काउन्सिलमा सर्नेछ र त्यस्ता उजुरी उपर यस ऐन बमोजिम कारबाही र किनारा गरिनेछ।

# नेपाल मिडिया काउन्सिल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| क्र.स. | दफा | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| १. | २ | परिभाषा | यस दफामा ऐनको ठाउँ ठाउँमा दोहोरिएका शब्दहरूको परिभाषा स्पष्ट पार्न आवश्यक शब्दहरुको परिभाषा गरिएको छ। |
| २. | ३ | काउन्सिलको स्थापना | यस दफामा स्वच्छ, मर्यादित र जवाफदेही पत्रकारिताको विकासका लागि स्वयत्त नियामक निकायको रूपमा नेपाल मिडिया काउन्सिलको स्थापना गर्ने व्यवस्था गरिएको छ । |
| ३. | ४ | काउन्सिल स्वशासित र संगठित संस्था हुने | यस दफामा काउन्सिल अविच्छिन्न, उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था हुने, यसले कानूनी व्यक्तित्व प्राप्त गर्ने तथा कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्ने व्यवस्था गरिएको छ । |
| ४. | ५ | काउन्सिलको काम, कर्तव्य र अधिकार | यस दफामा काउन्सिलले आमसञ्चार सम्बन्धी नीति निर्माणमा नेपाल सरकारलाई सुझाव दिने तथा समन्वय गर्ने, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सञ्चारको हकको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्ने, पत्रकारको अभिलेख राख्ने तथा प्रेस प्रतिनिधि परिचयपत्र प्रदान गर्ने, विश्वसनीय सञ्चार वातावरण कायम गर्न आमसञ्चार माध्यम तथा आमनागरिक बीचको सम्बन्धलाई सौहार्दपूर्ण बनाउन आवश्यक समन्वय गर्ने, प्रकाशन तथा प्रसारण स्वतन्त्रता र पत्रकारिताको पेशागत मर्यादा हनन् हुन नदिन क्रियाशील रहने, आमसञ्चार तथा पत्रकारिताका विषयमा समसामयिक अध्ययन, अनुसन्धान र प्रशिक्षण गर्ने, स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास, संरक्षण तथा स्वनियमन प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तहसँग सहकार्य गर्ने, आचारसंहिता जारी गर्ने तथा सोको कार्यान्वयनको अनुगमन गर्ने, आचारसंहिता विपरीत प्रकाशन वा प्रसारण भएको सामग्रीको अनुगमन र नियमन गर्ने, आचारसंहिता उल्लङ्घनको विषयमा उजुरी लिने र उजुरीको सुनुवाई गर्ने, काउन्सिलको नीति, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, आमसञ्चार माध्यमको समग्र अवस्थाको प्रवृत्तिगत अध्ययन तथा विश्लेषण गरी प्रतिवेदन प्रकाशन गर्ने र सञ्चार संस्थाको अध्यक्ष तथा सञ्चालकलाई सम्बन्धित सञ्चार संस्थाको प्रतिनिधिको रूपमा तोकिए बमोजिम परिचयपत्र जारी गर्ने व्यवस्था गरिएको छ । |
| ५. | ६ | काउन्सिलको गठन | यस दफामा नेपाल सरकारले नियुक्त गरेको व्यक्ति अध्यक्ष, मन्त्रालयले तोकेको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत सदस्य, नेपाल पत्रकार महासंघको अध्यक्ष -सदस्य , छापा पत्रकारिता, अनलाइन पत्रकारिता, रेडियो, |

| | | | |
|---|---|---|---|
| | | | टेलिभिजनका प्रकाशक, सम्पादक, श्रमजीवी पत्रकारहरुको समेत प्रतिनिधित्व हुने गरी प्रत्येक प्रदेशबाटएक जनाको दरले कम्तीमा तीन जना महिला रहने गरी सात जना- सदस्य<br>सञ्चार माध्यमका पाठक, दर्शक, श्रोताको प्रतिनिधित्व हुने गरी एक जना - सदस्य काउन्सिलको अध्यक्ष र सदस्य नियुक्तिको लागि मन्त्रालय समक्ष सिफारिस गर्न मन्त्रालयका सचिवको संयोजकत्वमा नेपाल सरकारले तोकेको विज्ञ सदस्य एक जना र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव रहने गरी तीन सदस्यीय सिफारिस समिति रहने व्यवस्था ।<br>सिफारिस समितिले अध्यक्ष तथा सदस्यको सिफारिस गर्दा समावेशी प्रतिनिधित्व हुने गरी गर्नु पर्ने,काउन्सिलको गठनका लागि सिफारिस समितिले काम शुरु गरेको एक महिनाभित्र सिफारिस गरिसक्नु पर्ने, नेपाल सरकारले सिफारिस समितिको सिफारिस बमोजिम अध्यक्ष र सदस्यको नियुक्ति गर्ने, काउन्सिलको अध्यक्ष उक्त पदमा रहुन्जेल कुनै पनि सञ्चार माध्यममा संलग्न नरहने र सूचना विभागको महानिर्देशकले काउन्सिलको सचिव भई काम गर्ने गरी काउन्सिलको गठन सम्बन्धी व्यवस्था गरिएको छ। |
| ६. | ७ | योग्यता | यस दफामा काउन्सिलको अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन आवश्यक योग्यता सम्बन्धी व्यवस्था गरिएको छ । |
| ७. | ८ | अयोग्यता | यस दफामा देहायको व्यक्ति काउन्सिलको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि अयोग्य हुने व्यवस्था गरिएको छः-<br>(१) दफा ७ बमोजिमको योग्यता नभएको वा नरहेको,<br>(२) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य रहेको,<br>(३) पैसठ्ठी वर्ष उमेर पूरा भएको,<br>(४) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, संगठित अपराध, नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,<br>(५) कुनै विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता लिएको,<br>(६) प्रचलित कानून बमोजिम कालोसूचीमा नाम समावेश रहेको, वा<br>(७) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुन योग्य नभएको। |
| ८. | ९ | पदावधि | यस दफामा काउन्सिलको अध्यक्ष र सदस्यको पदावधि चार वर्षको हुने, निजहरू पुनः एकपटकको लागि सोही पदमा नियुक्ति हुन सक्ने तथा नेपाल सरकारले अध्यक्ष वा सदस्यलाई निजको पदावधि सकिन अगावै पदबाट हटाउन सक्ने अवस्थाहरुको व्यवस्था गरिएको छ । |
| ९. | १० | पद रिक्त हुने अवस्था | यस दफामा अध्यक्ष र नियुक्त सदस्यको पद रिक्त हुने देहायका प्रावधानको |

| | | | |
|---|---|---|---|
| | | | व्यवस्था गरिएको छः-<br>(१) अध्यक्ष वा नियुक्त सदस्यले नेपाल सरकार समक्ष लिखित राजीनामा दिएमा,<br>(२) दफा ८ बमोजिम अयोग्य भएमा,<br>(३) दफा ९ बमोजिम पदावधि पूरा भएमा वा पदबाट हटाइएमा,<br>(४) मृत्यु भएमा। |
| १०. | ११ | अध्यक्षको काम, कर्तव्य र अधिकार | यस दफामा देहाय बमोजिम अध्यक्षको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छः-<br>(१) काउन्सिलको बैठकको अध्यक्षता गर्ने,<br>(२) काउन्सिलको नीति तथा कार्यक्रम तयार गर्ने, गराउने,<br>(३) काउन्सिलको बैठकमा काउन्सिलको नीति, वार्षिक बजेट तथा कार्यक्रम पेस गर्ने,<br>(४) काउन्सिलको बैठकका लागि कार्यसूची तयार गर्ने, गराउने,<br>(५) काउन्सिलको बैठकका निर्णय कार्यान्वयन गर्ने, गराउने,<br>(६) तोकिए बमोजिमको काम गर्ने। |
| ११. | १२ | सदस्यको काम, कर्तव्य र अधिकार | यस दफामा देहाय बमोजिम सदस्यको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छः-<br>(१) काउन्सिलको बैठकमा सहभागी हुने,<br>(२) काउन्सिलले तोकेको कार्य गर्ने । |
| १२. | १३ | अध्यक्ष तथा सदस्यको सेवाको शर्त तथा सुविधा | यस दफामा अध्यक्ष काउन्सिलको पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुने र निजको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिए बमोजिम हुने तथा सदस्यले काउन्सिलको बैठकमा उपस्थित भए बापत नेपाल सरकारको अर्थ मन्त्रालयबाट निर्धारण भए बमोजिमको बैठक भत्ता पाउने व्यवस्था गरिएको छ। |
| १३. | १४ | काउन्सिलको बैठक | यस दफामा काउन्सिलको बैठक कम्तीमा तीन महिनाको एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने, बैठकमा छलफल हुने विषय सूची सहितको सूचना पठाउने तथा बैठक सम्बन्धी अन्य कार्यविधि लगायतका व्यवस्था गरिएको छ। |
| १४. | १५ | अध्यक्ष नियुक्ति सम्बन्धी विशेष व्यवस्था | यस दफामा प्रचलित कानून बमोजिम भ्रष्टाचारको मुद्दा दर्ता भएको कारण अध्यक्ष निलम्बनमा रही तीन महिना भन्दा बढी अवधिको लागि कार्यसम्पादन गर्न नसक्ने भएमा नेपाल सरकारले दफा ६ को उपदफा (२) बमोजिमको समितिको सिफारिसमा बाँकी अवधिको लागि अर्को अध्यक्ष नियुक्ति गर्न सक्ने व्यवस्था गरिएको छ। |
| १५. | १६ | आचारसंहिता जारी | यस दफामा काउन्सिलले पत्रकारिताको पेशागत मर्यादा कायम राख्न |

| | | | |
|---|---|---|---|
| | | गर्ने | आचारसंहिता बनाई जारी गर्ने, आचारसंहिताको पालना गर्नु प्रत्येक सञ्चार माध्यम र पत्रकारको कर्तव्य हुने र सञ्चार माध्यमले काउन्सिलले जारी गरेको आचारसंहिताको प्रतिकूल नहुने गरी आ-आफ्नो सञ्चार माध्यमका लागि आचारसंहिता र सम्पादकीय नीतिको स्वघोषणा गर्नु पर्ने लगायतका व्यवस्था गरिएको छ। |
| १६. | १७ | स्वनियमन र स्वमूल्यांकन | यस दफामा काउन्सिलले स्वच्छ, मर्यादित र जवाफदेही पत्रकारिताको विकासका लागि आमसञ्चार माध्यमलाई स्वनियमन र स्वमूल्याङ्कन गर्न लगाउने र आमसञ्चार माध्यमले पाठक, श्रोता र दर्शकको गुनासो सुनुवाई गर्न स्वनियमन संयन्त्र बनाउनु पर्ने व्यवस्था गरिएको छ। |
| १७. | १८ | जानकारी गराउनु पर्ने | यस दफामा सञ्चार संस्थाको अध्यक्ष र सञ्चालकले आफ्नो लगानी भएको व्यवसाय, लगानीको क्षेत्र र स्रोतको बारेमा काउन्सिललाई तोकिए बमोजिम जानकारी गराउनु पर्ने र सञ्चार संस्थाले आफ्नो व्यवसाय वा लगानी गरेको संस्थासँग सम्बन्धित समाचार, लेख वा रचना प्रकाशन वा प्रसारण गर्दा त्यस्ता सामग्रीहरु आफ्नो लगानी रहेको क्षेत्रसँग सम्बन्धित भएमा सर्वसाधारणले देख्न, पढन वा सुन्न सक्ने गरी तोकिए बमोजिम जानकारी (डिस्क्लेमर) गराउनु पर्ने व्यवस्था गरिएको छ। |
| १८. | १९ | उजुरी दिन सकिने | यस दफामा काउन्सिलले जारी गरेको आचारसंहिता आमसञ्चार माध्यम वा पत्रकारले उल्लङ्घन गरेमा सरोकारवाला कुनै व्यक्ति वा संस्थाले काउन्सिलमा उजुरी दिन सक्ने, उजुरी लिखित रूपमा वा विद्युतीय माध्यमबाट समेत दिन सकिने, काउन्सिलले जारी गरेको आचारसंहिता आमसञ्चार माध्यम वा पत्रकारले उल्लङ्घन गरेको सूचना वा जानकारी कुनै माध्यमबाट काउन्सिललाई प्राप्त भएमा काउन्सिलले कारबाही गर्न सक्ने र उजुरीको दर्ता तथा तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ । |
| १९. | २० | उजुरी उपर जाँचबुझ र कारबाही | यस दफामा कुनै माध्यमबाट प्राप्त सूचना वा जानकारी उपर काउन्सिलले प्रारम्भिक जाँचबुझ गर्ने, जाँचबुझ गर्दा प्राप्त उजुरी, सूचना वा जानकारी काल्पनिक, आधारहीन वा झुट्टा देखिएमा काउन्सिलले आधार र कारण खोली त्यस्तो उजुरी, सूचना वा जानकारीलाई तामेलीमा राख्न सक्ने, प्रारम्भिक जाँचबुझ गर्दा आचारसंहिता उल्लङ्घन गरेको देखिने आधार विद्यमान भएमा काउन्सिलले त्यस्तो उजुरी, सूचना वा जानकारीको विस्तृत जाँचबुझ गर्ने, त्यसरी जाँचबुझ गर्दा काउन्सिलले सम्बन्धित आमसञ्चार माध्यम र पत्रकारलाई सोधपुछ गर्ने वा उजुरसँग सम्बन्धित प्रमाण बुझ्ने समेतका काम गर्न सक्ने, विस्तृत जाँचबुझबाट आचारसंहिता उल्लङ्घन गरेको देखिएमा वा मेलमिलाप हुन नसकेमा आचारसंहिता उल्लङ्घन गर्ने आमसञ्चार माध्यम वा पत्रकारलाई काउन्सिलले देहाय बमोजिम कारबाही गर्न सक्ने व्यवस्था |

| | | | |
|---|---|---|---|
| | | | गरिएको छ :-<br>(१) क्षमायाचना गर्न लगाउने र काउन्सिलले निर्धारण गरे बमोजिमको सङ्ख्या, समय वा पृष्ठमा खण्डन प्रकाशन, प्रसारण गर्न लगाउने,<br>(२) काउन्सिलको निर्णय वा निर्देशन पालना नगर्ने सञ्चार संस्था, आमसञ्चार माध्यम र त्यसमा संलग्न पत्रकार उपर काउन्सिलले खेद प्रकट गरी आदेश, निर्देशन र आचारसंहिता पालना नगरेको भनी सार्वजनिक रुपमा सूचना प्रकाशित गर्ने,<br>(३) सञ्चार संस्था, आमसञ्चार माध्यम र संलग्न पत्रकारलाई सचेत गराउने,<br>(४) पत्रकार, प्रेस प्रतिनिधि परिचयपत्र एक वर्षसम्मको लागि निलम्बन गर्ने,<br>(५) सरकारबाट पाउने सेवा, सुविधा, सहुलियत वा लोककल्याणकारी विज्ञापन वा अन्य सुविधा तोकिएको अवधिभरको लागि आंशिक वा पूरै रोक लगाउन सम्बन्धित निकायमा सिफारिस गर्ने,<br>(६) सार्वजनिक रुपमा क्षमा याचना गर्न लगाउने, क्षमा याचना नगरेमा काउन्सिलले अभिलेखमा राखी नाम सार्वजनिक गर्ने।<br>यसरी कारबाही गर्ने निर्णय गर्नु अघि काउन्सिलले सम्बन्धित आमसञ्चार माध्यम वा पत्रकारलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्ने र काउन्सिलमा प्राप्त उजुरी उपरको जाँचबुझ सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| २०. | २१ | मेलमिलाप गराउने | यस दफामा काउन्सिलबाट जारी भएको आचारसंहिता विपरीत कुनै सामग्री प्रकाशन वा प्रसारण गरेको कारण कसैको मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको भनी मर्का पर्ने व्यक्तिले दिएको उजुरी उपर जाँचबुझ गर्दा कसैको मर्यादा वा प्रतिष्ठामा आँच पुऱ्याएको देखिएमा काउन्सिलले सम्बन्धित सञ्चार संस्था, आमसञ्चार माध्यम वा पत्रकार र उजुरी कर्ताको बीचमा मेलमिलाप गराउन सक्ने र मेलमिलाप गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| २१. | २२ | क्षतिपूर्ति सम्बन्धी व्यवस्था | यस दफामा काउन्सिलबाट जारी भएको आचारसंहिता विपरीत कुनै सञ्चार संस्था, सञ्चार माध्यम वा पत्रकारबाट प्रकाशन वा प्रसारण भएको कुनै समाचार वा सूचनाबाट कुनै व्यक्तिको मर्यादा वा प्रतिष्ठामा गम्भीर असर पुऱ्याएको वा सम्पत्ति वा व्यवसायमा हानि नोक्सानी भएको अवस्थामा त्यस्तो व्यक्तिले क्षतिपूर्तिको दावी सहित सम्बन्धित सञ्चार संस्था, आमसञ्चार माध्यम वा पत्रकार विरुद्ध सम्बन्धित जिल्ला अदालतमा उजुरी दिन सक्ने सक्ने व्यवस्था गरिएको छ । |
| २२. | २३ | पुनरावेदन दिन सक्ने | यस दफामा काउन्सिलले गरेको कारबाही वा आदेशमा चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले कारबाही वा आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्ने व्यवस्था गरिएको छ। |

| | | | |
|---|---|---|---|
| २३. | २४ | प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने | यस दफामा आचारसंहिता उल्लङ्घन गरेको कुनै काम अन्य प्रचलित कानून बमोजिम कसूर हुने भएमा आचारसंहिता उल्लङ्घनमा कारबाही भएको कारणबाट मात्रै त्यस्तो कसूरमा प्रचलित कानून बमोजिम कारबाही चलाउन र सजाय गर्न बाधा पर्ने छैन भनी व्यवस्था गरिएको छ। |
| २४. | २५ | काउन्सिलको कोष | यस दफामा काउन्सिलको एउटा छुट्टै कोष हुने र कोषमा देहायका रकमहरु रहने व्यवस्था गरिएको छः-<br>(१) नेपाल सरकारबाट प्राप्त रकम,<br>(२) कुनै स्वदेशी व्यक्ति वा संघ संस्थाबाट आर्थिक अनुदान वा सहायता स्वरूप प्राप्त रकम,<br>(३) कुनै विदेशी सरकार, निकाय वा संस्थाबाट वैदेशिक सहायता स्वरूप प्राप्त आर्थिक अनुदानको रकम।<br>कुनै विदेशी सरकार, निकाय वा संस्थाबाट वैदेशिक सहायता स्वरूप आर्थिक अनुदान लिनु अघि नेपाल सरकारको अर्थ मन्त्रालयबाट स्वीकृति लिनु पर्ने व्यवस्था समेत गरिएको छ। |
| २५. | २६ | लेखा र लेखा परीक्षण | यस दफामा काउन्सिलले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्ने, आन्तरिक लेखा परीक्षण कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकबाट हुनेछ र नेपाल सरकारले काउन्सिलको आय व्ययको लेखा, तत् सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत जाँच्न वा जँचाउन सक्ने व्यवस्था समेत गरिएको छ। |
| २६. | २७ | प्रेस प्रतिनिधि | यस दफामा सञ्चार संस्थामा कार्यरत पत्रकारले काउन्सिलबाट प्रेस प्रतिनिधिको परिचयपत्र लिनु पर्ने, प्रेस प्रतिनिधि परिचयपत्र लिन चाहने नेपाली नागरिकले आफू कार्यरत सञ्चार संस्थाको सिफारिस सहित तोकिए बमोजिमको योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी तोकिएको ढाँचामा निवेदन दिनु पर्ने, स्वतन्त्र पत्रकारले काउन्सिलबाट प्रेस प्रतिनिधिको परिचयपत्र लिन चाहेमा तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने र त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गरी काउन्सिलले तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा प्रेस प्रतिनिधि परिचयपत्र दिन सक्ने तथा प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| २७. | २८ | कर्मचारी | यस दफामा काउन्सिलमा आवश्यक संख्यामा कर्मचारी रहने, काउन्सिलमा रहने कर्मचारीको दरवन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुने, कर्मचारीको नियुक्ति सेवा, शर्त तथा सुविधा विनियममा तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ। |
| २८. | २९ | समिति वा उपसमिति | यस दफामा काउन्सिलले आफ्नो काम कारबाही सम्पादन गर्ने क्रममा |

| | | | |
|---|---|---|---|
| | | गठन गर्न सकिने | आवश्यकता अनुसार समिति वा उपसमिति गठन गर्न सक्ने, यसरी गठित समिति वा उपसमितिको काम, कर्तव्य, अधिकार र कार्याविधि सो समिति वा उपसमिति गठन गर्दाको बखत काउन्सिलले निर्धारण गरे बमोजिम हुने व्यवस्था गरिएको छ। |
| २९. | ३० | निजी स्वार्थ भएमा निर्णय प्रक्रियामा भाग लिन नहुने | यस दफामा अध्यक्ष, सदस्य वा काउन्सिलका कर्मचारीले कुनै निर्णय गर्दा त्यस्तो विषयमा आफ्नो कुनै हित, सरोकार वा स्वार्थ रहेको भएमा वा आफू वा आफ्नो परिवारका सदस्यलाई प्रत्यक्ष फाइदा पुग्ने भएमा सो कुराको जानकारी काउन्सिललाई गराई त्यस्तो विषयको निर्णय प्रक्रियामा सहभागी हुनु नहुने व्यवस्था गरिएको छ। |
| ३०. | ३१ | अधिकार प्रत्यायोजन | यस दफामा काउन्सिलले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार अध्यक्ष, सदस्य वा दफा २९ बमोजिम गठित समिति वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्ने तर, काउन्सिलमा परेको उजुरी उपरको कारबाही गर्ने अधिकार प्रत्यायोजन हुन नसक्ने र अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार कुनै अधिकार काउन्सिलका कुनै सदस्य वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरिएको छ। |
| ३१. | ३२ | शपथ लिनु पर्ने | यस दफामा अध्यक्षले प्रधानन्यायाधीश समक्ष र सदस्यले अध्यक्ष समक्ष आफ्नो पदको कार्य सम्हाल्नु अघि प्रचलित कानून बमोजिमको ढाँचामा शपथ लिनु पर्ने व्यवस्था गरिएको छ। |
| ३२. | ३३ | वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने | यस दफामा काउन्सिलले प्रत्येक वर्ष आफूले सम्पादन गरेका कामकारबाही, कोषको अवस्था समेतको विवरण समावेश गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफ्नो वार्षिक प्रतिवेदन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पेश गर्नु पर्ने र उक्त प्रतिवेदन नेपाल सरकारले संघीय संसदको सम्वन्धित समिति समक्ष पेश गर्ने भन्ने व्यवस्था गरिएको छ। |
| ३३. | ३४ | नेपाल सरकारसँग सम्पर्क | यस दफामा काउन्सिलले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ भन्ने व्यवस्था गरिएको छ। |
| ३४. | ३५ | नियम बनाउने अधिकार | यस दफामा ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्ने व्यवस्था गरिएको छ। |
| ३५. | ३६ | विनियम बनाउने अधिकार | यस दफामा यस ऐन तथा यो ऐन अन्तरगत बनेको नियमावलीको अधीनमा रही काउन्सिलले आर्थिक तथा कर्मचारी प्रशासन सम्बन्धी विषयमा विनियम बनाउन सक्ने र त्यस्तो विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुने एवं यसरी विनियम बनाउँदा आर्थिक दायित्व पर्ने भएमा नेपाल सरकारको अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्ने भन्ने व्यवस्था गरिएको छ। |
| ३६. | ३७ | खारेजी र बचाउ | यस दफामा देहाय बमोजिमको व्यवस्था गरिएको छः-<br>(१) प्रेस काउन्सिल ऐन, २०४८ खारेज गरिएको छ। |

| | | | |
|---|---|---|---|
| | | | (२) प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम भए गरेका कामकारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।<br>(३) यो ऐन प्रारम्भ हुँदाका बखत प्रेस काउन्सिल ऐन, २०४८ बमोजिमको काउन्सिलमा रहेका पदाधिकारीहरु यो ऐन प्रारम्भ भएपछि स्वतः पदमुक्त हुनेछन्।<br>(४) प्रेस काउन्सिल ऐन, २०४८ बमोजिमको काउन्सिलमा कार्यरत स्थायी कर्मचारी यस ऐन बमोजिमको काउन्सिलको समान स्तर र तहको पदमा स्वतः कायम हुनेछन् ।<br>(५) प्रेस काउन्सिल ऐन, २०४८ बमोजिमको काउन्सिलको सम्पत्ति, दायित्व तथा अभिलेख यस ऐन बमोजिमको काउन्सिलमा सर्नेछ।<br>(६) प्रेस काउन्सिल ऐन, २०४८ बमोजिमको काउन्सिलमा विचाराधीन उजुरी स्वतः काउन्सिलमा सर्नेछ र त्यस्ता उजुरी उपर यस ऐन बमोजिम कारबाही र किनारा गरिनेछ । |